**आकाशवाणी समाचार- नेपाली**

मितिः ३० नोभेम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- उपराष्ट्रपति सी. पी. राधाकृष्णन आज हरियाणाको कुरुक्षेत्र जानुहुनेछ।
- प्रधानमन्त्री नरेन्द्र मोदेले आज रायपुरमा आयोजना भइरहेको पुलिस महानिदेशक र पुलिस महानिरीक्षकहरूको सम्मेलनको अध्यक्षता गर्नु हुनेछ ।
- सरकारले संसदको शीतकालीन सत्रको एक दिन अघि आज नयाँ दिल्लीमा सर्वदलीय बैठक डाकेको छ ।
- प्रधानमंत्री नरेन्द्र मोदीले आज बिहान 11 बजे आकाशवाणीबाट मन की बात कार्यक्रममा देश-विदेशका मानिसहरुसित आफ्नो विचार साझा गर्नुहुनेछ।
- दक्षिण-पश्चिम बंगालको खाड़ीमा बनेको चक्रवाती तूफान दित्वा आगामी 24 घंटाको अवधि उत्तरी तमिलनाडु-पुदुचेरी तट को समानांतर लगभग उत्तर तर्फ बढ्ने संभावना रहेको छ।

**उपराष्ट्रपति - कुरुक्षेत्र दौरा**

उपराष्ट्रपति सी. पी. राधाकृष्णन आज हरियाणाको कुरुक्षेत्र जानुहुनेछ। यस अवधि, श्री राधाकृष्णन राष्ट्रीय प्रौद्योगिकी संस्थान, कुरूक्षेत्रको 20 औ दीक्षांत समारोह मा मुख्य अतिथिको रूप मा शामेल हुनेछन्। उहाँले अंतर्राष्ट्रीय गीता महोत्सवको अवसरमा आयोजित अखिल भारतीय देवस्थानम सम्मेलनमा पनि भाग लिनुहुनेछ।

**पीएम -रायपुर**

प्रधानमन्त्री नरेन्द्र मोदेले आज रायपुरमा आयोजना भइरहेको पुलिस महानिदेशक र पुलिस महानिरीक्षकहरूको सम्मेलनको अध्यक्षता गर्नु हुनेछ । एक शोसल मिडिया पोस्टमा, श्री मोदीले सम्मेलनको पहिलो दिन भारतको सुरक्षा प्रणालीका विभिन्न पक्षहरूमा व्यापक छलफल भएको बताउनु भयो। उहाँले यो मञ्चले राष्ट्रिय सुरक्षाको क्षेत्रमा उत्कृष्ट अभ्यासहरू र नवीनताहरू साझा गर्न महत्त्वपूर्ण प्लेटफर्मको रूपमा काम गर्ने कुरामा जोड दिनु भयो। सम्मेलन नवा रायपुरस्थित भारतीय व्यवस्थापन संस्थानमा आयोजना भइरहेको छ। प्रधानमन्त्रीले विशिष्ट सेवाका लागि राष्ट्रपतिको पुलिस पदक पनि प्रदान गर्नुहुनेछ। केन्द्रीय गृहमन्त्री अमित शाह, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल, केन्द्रीय गृह राज्यमन्त्री, विभिन्न राज्य र केन्द्र शासित प्रदेशका प्रहरी महानिदेशकहरू, साथै केन्द्रीय पुलिस संगठनका प्रमुखहरू सम्मेलनमा भाग लिइरहेका छन्। यस वर्ष, सम्मेलनको विषयवस्तु विकसित भारत: सुरक्षा आयाम हो। छलफल नयाँ युगका चुनौतीहरूबाट नागरिकहरूलाई सुरक्षित राख्न अर्को स्तरको सुरक्षा ढाँचा विकास गर्ने कुरामा केन्द्रित छ। वामपन्थी अतिवाद, आतंकवाद विरोधी, विपद् व्यवस्थापन, महिला सुरक्षा, र पुलिसमा फोरेन्सिक विज्ञान र कृत्रिम बुद्धिमत्ताको प्रयोग लगायत प्रमुख राष्ट्रिय सुरक्षा मुद्दाहरूमा पनि विस्तृत छलफल भइरहेको छ।

**प्रधानमंत्री - मन की बात**

प्रधानमंत्री नरेन्द्र मोदीले आज बिहान 11 बजे आकाशवाणीबाट मन की बात कार्यक्रममा देश-विदेशका मानिसहरुसित आफ्नो विचार साझा गर्नुहुनेछ। यो यस मासिक रेडियो कार्यक्रमको 1 सय 28 औ संस्करण हुनेछ। यो कार्यक्रम आकाशवाणी अनि दूरदर्शनको समस्त नेटवर्क, आकाशवाणी समाचार वेबसाइट अनि न्यूज़ऑनएयर मोबाइल ऐप मा प्रसारित गरिनेछ। यसको सीधा

प्रसारण आकाशवाणी समाचार, डीडी न्यूज़, प्रधानमंत्री कार्यालय अनि सूचना तथा प्रसारण मंत्रालय को यूट्यूब चैनलहरुमा पनि गरिनेछ। आकाशवाणी हिंदी प्रसारणको तुरंतै पछि क्षेत्रीय भाषाहरुमा पनि यस कार्यक्रमको प्रसारण गरिनेछ।

**अल पार्टी मिटिंग**

सरकारले संसदको शीतकालीन सत्रको एक दिन अघि आज नयाँ दिल्लीमा सर्वदलीय बैठक डाकेको छ । यो सत्र भोलीदेखि शुरू भएर 19 दिसम्बरसम्म चल्नेछ ।

BYTE

**थाई विदेशमन्त्री**

थाईल्याण्डका विदेशमन्त्री सिहासक फुआङकेटकेओ भारतको चार दिने भ्रमणमा दिल्ली आईपुग्नु भएको छ । विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले हिजो राति भन्नु भयो, भ्रमण रणनीतिक साझेदारी र दिगो सम्बन्धलाई सुदृढ पार्ने अवसर हो। उहा आज दिल्लीमा हुने औपचारिक कार्यक्रमहरूमा भाग लिनु हुनेछ । श्री फुआङकेटकेओले द्विपक्षीय छलफलका लागि भोलि हैदराबाद हाउसमा विदेशमन्त्री एस. जयशंकरलाई भेट्नु हुनेछ। दुई देशबीचको कूटनीतिक सम्बन्ध सन् १९४७ मा स्थापित भएको थियो, जसमा दुवै पक्षले सन् २०२२ मा कूटनीतिक सम्बन्ध स्थापनाको ७५ औं वार्षिकोत्सव मनाउनेछन्।

**दिल्ली नगर निगम उपचुनाव**

दिल्ली नगर निगमको 12 वार्डमा हुने उपचुनावको लागि आज मतदान हुँदैछ। मतदान बिहान ७:३० बजे सुरु भएर साँझ ५:३० बजेसम्म जारी रहनेछ। यी वार्डहरूमा मुदंका, शालिमार बाग बी, अशोक विहार, चाँदनी चौक, द्वारका-बी, दिचौन कला, नारायणा, संगम विहार , दक्षिणपुरी, ग्रेटर कैलाश र विनोद नगर समावेश छन्। यी वार्डहरूमा २६ महिला र २५ पुरुष सहित ५१ उम्मेदवारहरू चुनावी मैदानमा उत्रिएका छन् । मतगणना 3 डिसेम्बर ३ मा हुनेछ। निष्पक्ष मतदान सुनिश्चित गर्न, एक सय ४३ मतदान केन्द्रहरूमा पाँच सय असी बुथहरू स्थापना गरिएको छ। थप रूपमा, मतदान केन्द्रहरूमा दुई हजारभन्दा बढी दिल्ली पुलिस कर्मचारी, पाँच सय असी होमगार्ड र केन्द्रीय सशस्त्र पुलिस बलका तेह्र कम्पनीहरू तैनाथ गरिएको छ। राज्य निर्वाचन आयोगले क्यू मैनेजमेंट प्रणाली मार्फत स्थितिको निगरानी गर्न नगर निर्वाचन दिल्ली एप सुरु गरेको छ। आयोगले मतदान केन्द्रहरूमा QR कोडहरू पनि स्थापना गरेको छ ताकि मतदाताहरूले मतदान गरेपछि अनलाइन प्रतिक्रिया दिन सकून्।

**अश्विनी वैष्णव**

तमिलनाडुमा आएको चक्रवात दित्वलाई मध्यनजर गर्दै , केन्द्रीय रेलमन्त्री अश्विनी वैष्णवले रेल सेवाहरूमा न्यूनतम अवरोध सुनिश्चित गर्न र यात्रुहरू र तटीय क्षेत्रहरूमा बस्ने मानिसहरूको सुरक्षा सुनिश्चित गर्न तयारीहरूको समीक्षा गर्नु भयो ।उहाले दक्षिणी रेलवेका महाप्रबन्धक र अधिकारीहरूसँग उपायहरूको समीक्षा गर्नु भयो । श्री वैष्णवले टिकट रद्द गर्ने वा रुट परिवर्तनसँग सम्बन्धित अनिश्चितताहरूको सामना गरिरहेका यात्रुहरूलाई सहयोग गर्न हेल्पलाइनहरू र यात्रु सहायता डेस्कहरू स्थापना गर्ने आवश्यकतामा जोड दिनु भयो । उहाले सार्वजनिक सुरक्षाप्रति भारतीय रेलवेको प्रतिबद्धतालाई पनि पुन: पुष्टि गर्नु भयो । उहाले सम्बन्धित अधिकारीहरूलाई परिस्थितिको निगरानी गर्न र कुनै पनि प्रतिकूल घटनाहरूको लागि सतर्क रहन डिभिजनल, क्षेत्रीय र रेलवे बोर्ड स्तरमा युद्ध कक्षहरू सक्रिय गर्न निर्देशन दिनु भयो । श्री वैष्णवले रेलवे अधिकारीहरूलाई नागरिक प्रशासनका अधिकारीहरूसँग समन्वय गर्न र सामान्य अवस्था पुनर्स्थापित नभएसम्म यात्रुहरूसँग सक्रिय रूपमा कुराकानी गर्न पनि आग्रह गर्नु भएको छ ।

**संशो. चक्रवात दित्वा**

दक्षिण-पश्चिम बंगालको खाड़ी अनि उत्तरी श्रीलंका तथा तमिलनाडु तटहरुमा बनेको चक्रवाती तूफान दित्वा बितेको 6 घंटाको अवधि पांच किलोमीटर प्रति घंटाको तिव्रताले उत्तर तर्फ बढ़िरहेको छ। तूफान कारइक्कालबाट लगभग 80 किलोमीटर पूर्व अनि चेन्नईबाट दुइ सय 50 किलोमीटर दक्षिणमा स्थित रहेको छ। आगामी 24 घंटाको अवधि यो उत्तरी तमिलनाडु-पुदुचेरी तट को समानांतर लगभग उत्तर तर्फ बढ्ने संभावना रहेको छ। क्षेत्रीय मौसम विभागको ताजा जानकारी अनुसार कुड्डालोर अनि नागपट्टिनममा रेड अलर्ट जारी गरिएको छ। चेन्नई अनि कांचीपुरम सहित 12 तटीय जिल्लाहरुमा मध्यम वर्षा अनि राज्यका अन्य

जिल्लाहरुमा हल्का देखि मध्यम वर्षा हुने अनुमान रहेको छ। यसै बीच, आज तटीय आंध्र प्रदेश, यानम अनि रायलसीमा का अधिकांश स्थानहरुमा हल्का देखि मध्यम वर्षा, तथा केही स्थानहरुमा भारी वर्षा हुन सक्ने अनुमान पनि मौसम विभागले व्यक्त गरेको छ। गृह मंत्रालयले तटरक्षक बल अनि राज्य तथा केंद्र शासित प्रदेश का अधिकारीहरुसित लगातार संपर्क बनाइरहेको छ। केंद्रीय गृह सचिवले तमिलनाडु, पुद्दुचेरी, तेलंगाना अनि आंध्र प्रदेश का मुख्य सचिवहरुसित तैयारीहरुको समीक्षा गर्नुभयो अनि उच्च सतर्कता एवं समन्वय बनाई राख्ने निर्देश दिनुभएको छ। तटरक्षक बलले तमिलनाडु तटमा तीनवटा जहाज अनि एउटा विमान तैनात गरेको छ तथा साना जहाजहरुलाई बंदरगाह फर्कने सलाह दिएको छ।

**जीएसटी**

प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा घोषणा गरिएको र गत २२ सेप्टेम्बरमा सुरु गरिएको GST बचत महोत्सवका फाइदाहरू समाजका सबै वर्गमा पुगिरहेका छन्। यस शृङ्खलामा, देशको अटोमोबाइल क्षेत्रलाई बलियो बनाउन GST सुधारहरूको प्रभावको बारेमा प्रस्तुत गरिरहेका छौ हाम्रा संवाददाताको एक रिपोर्ट।

BYTE

**बैडमिंटन - सैयद मोदी टूर्नामेंट**

लखनऊ मा सैयद मोदी इंटरनेशनल बैडमिंटन टूर्नामेंट मा भारतले आज दुइवटा फाइनल खेल खेल्नेछ। पुरुष सिंगल्स को फाइनल मा किदांबी श्रीकांत को भिड़ान्त हांगकांग को जेसन गुनावन सित हुनेछ। यो मैच दिउँसो तीन बजेर बीस मिनटमा शुरू हुनेछ। यसको साथै, महिला डबल्स को फाइनल मा त्रिसा जॉली अनि गायत्री गोपीचंद को जोड़ीको भिड़ान्त जापान को काहो आसावा अनि मेई तनाबे को जोड़ी सित हुनेछ। यो मैच दिउँसो २ बजेर ३० मिनटमा खेलिनेछ। अन्य वर्गमा भने भारतको अभियान समाप्त भइसकेको छ।

****** ० ******